# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धनगढी,कैलाली
सुदूरपश्चिम प्रदेश,नेपाल

**बिषय : फोहरमैला व्यवस्थापनमा सहकार्यका लागि प्रस्ताव आह्वान गरिएको सम्बन्धी सूचना।**
**(प्रथम पटक प्रकाशित मितिः २०७७/१०/०७ गते)**

यस धनगढी उप-महानगरपालिकाको सघन सहरी क्षेत्रमा दैनिक उत्पादन हुने फोहर संकलन र सो को व्यवस्थापन नगरकार्यपालिका कार्यालयले आफै गर्दै आईरहेकोमा उक्त कार्य बाह्य क्षेत्रसंगको सहकार्यमा गर्नका लागि मिति २०७७/०७/२७ को ५४ औं नगरकार्यपालिका बैठबाट सुझाब समिति गठन भई सो समितिले उपलब्ध गराएको प्रतिवेदन समेतका आधारमा यस उप-महानगरपालिको सघन सहरी क्षेत्रमा फोहरमैला व्यवस्थापनमा तपसिलका शर्तहरुमा सहकार्य गर्न ईच्छुक र सक्षम संस्था, फर्म, कम्पनीहरुले यो सूचना प्रकाशित भएको मिति ले ३० (तिस) दिन भित्र प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

<u>तपसिल</u>

**क) उप-महानगरपालिकाको हुने दायित्वः**

- सरसफाई तथा फोहर संकलन र ल्याण्डफिल्ड साईड सम्म ढुवानी गर्नका लागि हाल कार्यालय संग भएका करार तथा ज्यालादारिका साविक देखी कार्यरत २९ जना सरसफाई जनशक्ति र ३ जना ट्रयाक्टर चालक उपलब्ध गराउने छ।
- कार्यालयको स्वामित्वमा रहेका तिनवटा (३) ट्रयाक्टर समेत उक्त कार्यमा मात्र प्रयोग गर्न पाउने गरि स्वामित्व कार्यालयकै हुने गरी उपलब्ध गराउने छ।
- ल्याण्डफिल्ड साईडको उपलब्धता र व्यवस्थापन कार्यालयले गर्ने छ।
- कार्यालयमा रहेका स्थायी सरसफाई कर्मचारीहरु समेत सरसफाई तथा फोहरमैला व्यवस्थापन कार्यमा कार्यालय संगको समन्वयमा परिचालन हुने गरी उपलब्ध गराउने छ।
- सहकार्यको लागि छनौट भै सम्झौता गर्ने प्रस्तावकले घरधुरी, व्यवसाय, निकायहरु संग मासिक उठाउन पाउने सेवा शुल्क निर्धारण गरि दिने छ र रसिद प्रमाणित गरि दिने छ।
- सेवा शुल्क उठाउनमा आवस्यकतानुसार सहजीकरण गर्न सक्ने छ।
- सम्झौता गर्ने प्रस्ताबकको यस कार्यको सम्बन्धमा भएको कारोबारको मात्र आन्तरिक लेखा परिक्षण गर्ने छ।

**ख) प्रस्ताबकले सम्झौता गरी पालना गर्नु पर्ने दायित्वहरु**

- हाल लाई प्रथम चरणमा उप-महानगर क्षेत्रको वडा नं. १,२,३,४,५,७ र ८ नं. वडा क्षेत्रबाट श्रृजना हुने फोहरमैला संकलन र ल्याण्डफिल्ड साईड सम्म ढुवानीको कार्य गर्नु पर्ने छ।
- नगरकार्यपालिका कार्यालयले उपलब्ध गराइने करार तथा ज्यालादारिका कर्मचारीहरुलाई कार्यालयले उपलब्ध गराउदै आएको पारिश्रमिक र सुविधा प्रस्तावकले उपलब्ध गराउने र

# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

धनगढी,कैलाली

सुदूरपश्चिम प्रदेश,नेपाल

काममा लगाउने दायित्व वहन गर्नु पर्नेछ। कार्य सन्तोषजनक नभएमा बाहेक सेवाबाट हटाउन पाईने छैन। थप जनशक्ति र ढुवानी साधन आवश्यक भएमा सो को व्यवस्थापन गर्नुपर्नेछ।

- समय तालिका मिलाई फोहरमैला संकलन र व्यवस्थापन गर्नु पर्नेछ। घरघरमा गई फोहरमैला संकलन गर्नु पर्नेछ। सार्वजनिक स्थलमा फोहर थुपार्न र जलाउन पाईने छैन।
- नगरको मुख्य मुख्य सडक चोकहरुमा वडार्ने र फोहर कसिंगर संकलन र व्यवस्थापनको कार्य गर्नु पर्नेछ।
- नगरपालिकाले निर्धारण गरेको दरमा मात्र सेवा शुल्क उठाउन पाईनेछ र प्रमाणित रसीद मात्र प्रयोग गर्ने र छुट्टै कार्यालय स्थापना गर्नु पर्नेछ। आ.ले.प. गराउने दायित्व वहन गर्नु पर्नेछ।
- ढुवानीको साधनमा प्रयोग हुने ईन्धन, सरसफाईका लागि कामदारहरुलाई आवश्यक पर्ने न्यूनतम सामाग्रीको व्यवस्था गर्नु पर्नेछ। नगर कार्यपालिका कार्यालयले उपलब्ध गराउने ट्रेक्टरको मर्मत सम्भार, सुरक्षा व्यवस्था गर्नु पर्नेछ।
- घरधुरी, व्यवसाय, सार्वजनिक निकायबाट उत्पन्न हुने फोहरलाई कुहिने, नकुहिने गरी छुट्याउन लगाई / छुट्याई रिसाईकिलिङ्ग गर्न सकिने र फोहरबाट उर्जा उत्पादन (Waste to Energy) गर्ने कार्यमा कच्चा पदार्थ बिक्री गरी आम्दानी गर्न पाउनेछ। तर कवाडी सामाग्रीमा नगरपालिकाले गरेको ठेक्का बन्दोबस्त नै लागू हुनेछ।
- प्रस्तावकले प्रस्तावका साथमा संस्थाको अध्यावधिक कानूनी कागजातहरु संलग्न गरी, फोहरमैला व्यवस्थापनमा सहकार्य गर्ने अवधि, प्रकृया, तौरतरीका, स्रोतसाधन, जनशक्ति परिचालनको व्यवस्थापकीय प्रभावकारीता सम्बन्धमा स्पस्ट रुपमा खुलाउनु पर्ने छ।

**ग) अन्य शर्तहरु:**

- धनगढी उप-महानगरपालिकाबाट प्रस्तावित, फोहरमैला व्यवस्थापनका लागि शुल्क उठाउने पहिचान गरिएका क्षेत्र, दर, लाग्ने सम्भाबित लागत समेतको अनुमानित हिसावबाट पहिलो एक बर्षलाई लागत आम्दानी बराबर हुने आधारमा सम्झौता हुने छ। सहकार्यको अवधी दीर्घकालिन हुने छ।
- उठेको शुल्क, आम्दानी र खर्चको आ.ले.प. प्रतिवेदन, थप क्षेत्र र शुल्क परिमार्जन गरि सो को आधारमा आगामी बर्षहरुको स्वीकृत हुने प्रस्तावकको दायित्व आपसी समझदारी गरि हेरफेर हुने छ।
- यसमा उल्लेख भएका शर्तका अलावा सहकार्यको समयावधी र अन्य बिषयहरु सम्झौता गर्दाको समयमा सम्झौता पत्रमा उल्लेख हुने छन्। कुनै प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने अधिकार नगरकार्यपालिका कार्यालयमा निहित रहने छ।

श्रीमान नगर प्रमुखज्यू
यो अवधारणा प्रकृया अगाडि बढाउन स्वीकृतिका लागि पेश गरेको छु।

प्रमुख प्रशासकीय अधिकृत

नृप बहादुर वड
नगर प्रमुख

.....................
जगन्नाथ पन्त
प्रमुख प्रशासकीय अधिकृत